PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

**मानव बेचबिखन अनुसन्धान व्यूरो**

बबरमहल,काठमाण्डौं

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२१

# " ग्राहकको रोजाई अनुसार वालिकाहरु उपलब्ध गराई यौनजन्य कार्यमा लगाउने व्यक्ति पक्राउ"

काठमाण्डौ जिल्ला टोखा नगरपालिका वडा नं.९ नयाँबसपार्कमा रहेका बिभिन्न होटल/गेष्ट हाउसहरुमा नावालिकाहरुलाई ललाई फकाई बिभिन्न किसिमको प्रलोभनमा पारी वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको भन्ने गोप्य सूचनाको आधारमा यस कार्यालयबाट खटि गएको प्रहरी टोलीले वेश्याबृत्ति तथा यौनजन्य कार्यमा लगाईएका नावालिकाहरुलाई उद्धार गरी उक्त कार्यमा संलग्न व्यक्तिलाई मिति २०८०/०९/०४ गते काठमाण्डौ जिल्ला टोखा नगरपालिका वडा नं.९ नयाँबसपार्कबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार मुद्दामा** सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट **दिन ७ (सात) को** म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भई रहेको।

**निम्नः-**

**पक्राउ परेको अभियुक्त**

**नामः-** सुमन तामाङ

**उमेरः-**२४ बर्ष

**स्थायी वतनः-** जिल्ला नुवाकोट तादी गाउँपालिका वडा नं.६

**अस्थायी वतनः-**का.जि.टोखा नगरपालिका वडा नं.९ (नयाँबसपार्क)

**अभियुक्तको फोटो**



**अनुसन्धानबाट खुल्न आएको :-**

- ✓ अभियुक्तले बिपन्न तथा आर्थिक अवस्था कमजोर भएका बालिकाहरुलाई ललाई फकाई होटल/गेष्ट हाउसहरुमा वेटर तथा सरसफाईको काममा लगाई दिने भनि बेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको।
- ✓ बालिकाहरुलाई बेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाए बापत ग्राहकहरुबाट प्रति व्यक्ति नेपाली रुपैया रु.५,०००।–(पाँच हजार) देखी रु.७,०००।–(सात हजार) सम्म लिने गरेको।

- ✓ बालिकाहरुलाई एकै लहरमा राखी ग्राहकलाई रोज्न लगाई रेट निर्धारण गरी यौनजन्य कार्यको लागि पठाउने गरेको ।
- ✓ होटल/गेष्ट हाउसहरुमा ग्राहकहरु ल्याउनको लागि एजेन्ट समेत नियुक्त गरी नयाँबसपार्क एरियाको (सडक/बाटोमा) परिचालन गरी निजहरुले ग्राहक ल्याए बापत प्रति व्यक्ति रु.२००।–(दुई सय) देखी रु.१,०००।–(एक हजार) सम्म कमिशन दिने गरेको ।
- ✓ पीडित बालिकाहरुलाई बिगत ५ महिना देखी होटल/गेष्ट हाउसहरुबाट बाहिर समेत निस्कन नदिई जबरजस्ती शारीरिक सम्पर्क राख्न बाध्य पार्ने गरेको ।
- ✓ पीडित बालिकाहरुको बास्तबिक नाम परिवर्तन गरी नयाँ उपनाम दिई बेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाउने गरेको ।
- ✓ मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट खटि गएको प्रहरी टोलीले वेश्याबृत्ति तथा यौनजन्य कार्यमा लगाईएका चार जना नावालिकाहरुलाई उद्धार गरी हाल सुरक्षित आवास गृहमा राखिएको ।
- ✓ यस्ता प्रकारका विकृतिहरु हुन सक्ने सम्भावित स्थानहरुमा यस ब्यूरोबाट नियमित रुपमा प्रहरी परिचालन गरी सुचना संकलन र निग्रानी गर्ने कार्य भई रहेको ।
- ✓ यस घटनामा अन्य ब्यक्तिहरुको समेत संलग्नता देखिएकोले निजहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

**मिति:-२०८०/०९/०५ गते ।**

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२८१३३०